# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, असार २९ गते, २०७२ साल (अतिरिक्ताङ्क ११

## भाग २

नेपाल सरकार

**कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७२ को ऐन नं. १

**निजामती सेवा ऐन, २०४९ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना** : निजामती सेवा ऐन, २०४९ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "निजामती सेवा (चौथो संशोधन) ऐन, २०७२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **निजामती सेवा ऐन, २०४९ को दफा २ मा संशोधन** : निजामती सेवा ऐन, २०४९ (यस पछि मूल ऐन भनिएको) को दफा २ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१)" स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।"

३. **मूल ऐनको दफा ६ मा संशोधन** : मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :–

"६. **सेवा, समूह तथा उपसमूहहरु** : (१) निजामती सेवामा दफा ३ बमोजिमका सेवाहरु रहने छन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित विशिष्ट श्रेणी सम्म नै सेवा विशिष्टीकरण गर्ने प्रयोजनको लागि देहाय बमोजिमका सेवाको समूहीकरण (क्लष्टर) गरिएको छ :-

(क) नेपाल इन्जिनियरिङ्ग सेवा,
(ख) नेपाल कृषि तथा वन सेवा,
(ग) नेपाल न्याय सेवा,
(घ) नेपाल परराष्ट्र सेवा,

(ङ) नेपाल प्रशासन सेवा, र

(च) नेपाल लेखापरीक्षण सेवा ।

(३) उपदफा (२) बमोजिमका सेवामा रहने राजपत्राङ्कित विशिष्ट श्रेणीका पदहरु तोकिए बमोजिम हुनेछन् ।

(४) दफा ३ बमोजिम गठित सेवामा तोकिए बमोजिमका विभिन्न समूह तथा उपसमूहहरु रहने छन् ।

(५) दफा ३ बमोजिम गठित सेवाका समूह तथा उपसमूहहरुमा रहने विभिन्न पदहरुको लागि चाहिने न्यूनतम योग्यता तोकिए बमोजिम हुनेछ ।"

३क. **मूल ऐनको दफा ७ मा संशोधन** : मूल ऐनको दफा ७ को उपदफा (१४) पछि देहायको उपदफा (१४क) थप गरिएको छ :-

"(१४क) दफा ७ को उपदफा (१) मा उल्लिखित आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरिने राजपत्राङ्कित द्वितीय श्रेणीसम्मको पदमा सो पदका लागि तोकिए बमोजिमको सेवा अवधि र योग्यता पुगेका यस ऐन, व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुने छन् ।"

४. **मूल ऐनको दफा १८ मा संशोधन** : मूल ऐनको दफा १८ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (२) मा उल्लिखित सेवाको विशिष्ट श्रेणीको पदमा कार्यरत कर्मचारी सोही सेवाको विशिष्ट श्रेणीको पदमा मात्र सरुवा हुन सक्नेछ ।"

(२) उपदफा (७) मा रहेका "सात वर्षसम्म" भन्ने शव्दहरुको सट्टा "पाँच वर्षसम्म" भन्ने शव्दहरु राखिएको छ ।

५. **मूल ऐनको दफा १८क. मा संशोधन** : मूल ऐनको दफा १८क. को उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छ :-

"(६क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (२) मा उल्लिखित सेवाको विशिष्ट श्रेणीको पदमा कार्यरत कर्मचारीलाई सोही सेवाको विशिष्ट श्रेणीको पदमा मात्र काज खटाउन सकिनेछ ।

तर नेपाल सरकारले गठन गरेको आयोग, कार्यदल वा यस्तै प्रकृतिको अन्य कुनै कार्य गर्नको लागि अवधि तोकी काजमा खटाउन बाधा पुगेको मानिने छैन ।"

६. **मुल ऐनको दफा १९ मा संशोधन** : मूल ऐनको दफा १९ को,-

(१) उपदफा (२) को खण्ड (ख) को उपखण्ड (१) मा रहेका "अङ्क प्राप्त गरेका र" भन्ने शव्दहरु पछि "सम्बन्धित सेवाको" भन्ने शव्दहरु थपिएका छन् ।

(२) उपखण्ड (२) मा रहेका "सबै भन्दा बढी अङ्क प्राप्त गर्ने" भन्ने शव्दहरु पछि "सम्बन्धित सेवाका" भन्ने शव्दहरु राखी सोही उपखण्डमा देहाय बमोजिमको प्रतिबन्धात्मक बाक्यांश थपिएको छ :-

"तर, कुनै सेवामा तेब्बर संख्यामा सम्भाव्य उम्मेद्वार नभएको अवस्थामा तेब्बर भन्दा कम संख्यामा उम्मेदवार सिफारिस गर्न बाधा पुऱ्याएको मानिने छैन ।"

(३) उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छ :-

"(२क) उपखण्ड (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा देहाय बमोजिमका कर्मचारीहरुबाट बढुवा गरिने छ :-

(अ) नेपाल कृषि तथा वन सेवाको पदमा नेपाल कृषि सेवा र नेपाल वन सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीहरु र

(आ) नेपाल प्रशासन सेवाको पदमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल प्रशासन सेवा, नेपाल विविध सेवा र नेपाल शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीहरु ।"

(४) खण्ड (ङ) को सट्टा देहाय बमोजिमको खण्ड (ङ) राखिएको छ :-

"(ङ) निजामती सेवाको विशिष्ट श्रेणीको कुनै पनि पद रिक्त भएको मितिले पन्ध्र दिन भित्र सम्भाव्य उम्मेदवारको सिफारिस गर्नु पर्नेछ र सिफारिस भएको मितिले पन्ध्र दिनभित्र रिक्त पदमा पदपूर्ति गर्नु पर्नेछ ।"

६क. **<u>मूल ऐनको दफा ३६ मा संशोधन</u>** : मूल ऐनको दफा ३६ को उपदफा (२) झिकिएको छ ।

७. **<u>मूल ऐनको दफा ३७ मा संशोधन</u>** : मूल ऐनको दफा ३७ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

७क. **मूल ऐनको दफा ४०ख. मा संशोधन** : मूल ऐनको दफा ४०ख. को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) नेपाल सरकारको नाममा राष्ट्रिय योजना आयोग र अन्य सरकारी निकायमा प्राप्त भएका अध्ययन, तालिम वा अध्ययन भ्रमण सम्बन्धी अवसर नेपाल व्यवस्थापिका-संसद सेवा, नेपाल स्वास्थ्य सेवा लगायत सबै सेवालाई न्यायिक तवरले बाँडफाँड गर्न देहाय बमोजिमको समिति रहने छ :-

(क) नेपाल सरकारको मुख्य सचिव -अध्यक्ष

(ख) अर्थ मन्त्रालयको सचिव -सदस्य

(ग) कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको सचिव सदस्य

(घ) राष्ट्रिय योजना आयोगको सचिव -सदस्य

(ङ) सामान्य प्रशासन मन्त्रालयको सचिव सदस्य-सचिव"

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) उपदफा (३) बमोजिम प्राप्त अध्ययन, तालिम वा अध्ययन भ्रमण सम्बन्धी अवसर बाँडफाँड सम्बन्धमा भएको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसदको राज्य व्यवस्था समिति समक्ष पेश गर्नु पर्नेछ।"

(३) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

"(४क) यस दफा बमोजिम वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको कर्मचारीले त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण सम्पन्न गरेपछि सो सम्बन्धी प्रतिवेदन तयार गरी आफ्नो कार्यालयमा पेश गर्नु पर्नेछ ।"

८.**मूल ऐनको दफा ४८ मा संशोधन** : मूल ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (ग) झिकिएको छ ।

९.**मूल ऐनमा दफा ४९क. र ४९ख. थप** : मूल ऐनको दफा ४९ पछि देहायका दफा ४९क. र ४९ख. थपिएका छन :–

"४९क. **अन्यत्र नोकरी वा सेवा गर्न नहुने** : (१) निजामती कर्मचारीले अन्यत्रकुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कार्य गर्न बाधा पुगेको मानिने छैन :–

(क) आफ्नो पदीय कर्तव्य पालनाको वा अधिकार प्राप्त अधिकारीले तोकेको वा लगाएको कार्य गर्दाको सिलसिलामा कसैलाई सेवा प्रदान गर्न,

(ख) प्रचलित कानून बमोजिम अध्ययन विदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा

पुऱ्याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ग) राष्ट्रिय वा अन्तर्राष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक संघसंस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघसंस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहको लागि उपयोगी हुने देखी अख्तियारवालाले विदा वा काज स्वीकृत गरेकोमा सम्बन्धित निकायमा सेवा गर्न,

(घ) अख्तियारवालाको स्वीकृति लिई नेपाल सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ङ) अख्तियारवालाको पूर्व स्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(च) नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(छ) कार्यालयको काममा बाधा नपर्ने गरी मानव कल्याण, परोपकार वा सामाजिक भलाईका लागि सेवा पुऱ्याउन,

(ज) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र नेपाल सरकारको अहित नहुने गरी आफ्नो पेशागत सङ्गठन वा अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन ।

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परा देखि समुदायमा आधारित भई समाजमा क्रियाशिल रहेका सामाजिक संघ संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकुद, संगीत, विज्ञान, धर्म वा यस्तै अन्य कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रकृयामा संलग्न हुने कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको व्यक्तिले त्यसपछि एक वर्ष सम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाउने छैन ।

४९ख. **स्थायी आवासीय अनुमति लिन नहुने** : निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन ।"

**९क. मूल ऐन दफा ६०क. मा थप** : मूल ऐनको दफा ६०क. को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ :-

"(च) दफा ४९क. को उपदफा (२) को अवस्थामा बाहेक अन्यत्र कुनै प्रकारको नोकरी गर्ने वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गरेमा ।"

१०. **मूल ऐनको दफा ६१ मा संशोधन** : (१) मूल ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (ज) र (झ) थपि खण्डक्रम मिलाएको छ :-

"(ज) मनासिव कारण भई विदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा ।

(झ) दफा ४९क. को उपदफा (२) को अवस्थामा बाहेक अन्यत्र कुनै प्रकारको नोकरी गर्ने वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गरेमा ।

तर यो खण्ड प्रारम्भ हुनु अगावै दफा ४९क. को उपदफा (२) को अवस्थामा बाहेक अन्यत्र कुनै प्रकारको नोकरी वा सेवा प्रदान गर्ने निजामती कर्मचारीले यो खण्ड प्रारम्भ भएको मितिले तीस दिनभित्र त्यस्तो नोकरी वा सेवा छोडेको प्रमाणसहित निवेदन दिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिने छैन ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) को खण्ड (ख) र दफा ६०क. को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ :-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा ।

(ख) भ्रष्टाचार गरेमा ।

(ग) स्थायी आवासीय अनुमति लिएमा वा सोको लागि आवेदन दिएमा ।

(घ) निजामती सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।"

११. **मूल ऐनमा दफा ६१ख., ६१ग. र ६१घ. थप** : मूल ऐनको दफा ६१क. पछि देहायको दफा ६१ख., ६१ग. र ६१घ.थपिएका छन् :-

"६१ख. **स्वयम् घोषणा गरी विवरण पेश गर्नु पर्ने** : (१) यो दफा प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिका लागि आवेदन दिएको प्रत्येक कर्मचारीले यो दफा प्रारम्भ भएको मितिले तीस दिन भित्र सोको स्वयम् घोषणा गरी देहाय बमोजिमको विवरण आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ :-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद ।

(ख) स्थायी आवासीय अनुमति लिएको भए सो लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको भए सो को मिति ।

(ग) सम्बन्धित विदेशी मुलुकको नाम ।

(घ) आफूले लिएको स्थायी आवासीयअनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिको लागि दिएको आवेदन रद्द गराउन इच्छुक भए नभएको ।

(२) कुनै निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको भएमा यो दफा प्रारम्भ भएको मितिले तीस दिन भित्र सम्बन्धित निजामती कर्मचारीले आफू कार्यरत कार्यालयमा उपदफा (१) बमोजिमको विवरण पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

**६१ग.** <u>**जानकारी दिन सकिने**</u> : (१) दफा ४९ख. विपरीत कुनै निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित निजामती कर्मचारी कार्यरत कार्यालय वा सामान्य प्रशासन मन्त्रालयमा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी कुनै कार्यालयमा प्राप्त हुन

आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिन भित्र सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा सामान्य प्रशासन मन्त्रालयले दफा ६१ख. को उपदफा (१) बमोजिमको अवधि व्यतित भए पछि त्यस्तो निजामती कर्मचारीको सम्बन्धमा छानबिन गर्न विभागीय सजाय दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजाय दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी यथाशीघ्र सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा विभागीय सजाय दिने अधिकारीले सामान्य प्रशासन मन्त्रालय वा अन्य कुनै सरकारी निकायसँग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो जानकारी वा सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम छानबिन र कारबाही गर्दा कुनै

निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको देखिएमा निजलाई तीन महिना भित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी यस ऐन बमोजिम सजाय गरी सोको जानकारी पन्ध्रदिन भित्र सामान्य प्रशासन मन्त्रालयमा दिनु पर्नेछ ।

६१घ. **सजाय नहुने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुभन्दा तत्काल अघि कायम रहेको दफा ४८ को उपदफा (१) को खण्ड (ग) बमोजिम पूर्व स्वीकृति लिई अन्यत्र कुनै प्रकारको नोकरी वा सेवा प्रदान गरिरहेको निजामती कर्मचारीले यो दफा प्रारम्भ भएको मितिले तीस दिन भित्र त्यस्तो नोकरी वा सेवा छाडेको प्रमाण सहित निवेदन दिएमा निजलाई यस ऐन बमोजिम सजाय हुने छैन ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको कुनै निजामती कर्मचारीले सो कुरा स्वीकार गरी यो दफा प्रारम्भ भएको मितिले साठी दिन भित्र आफूले प्राप्त गरेको स्थायी आवासीय अनुमति त्यागेको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि दिएको आवेदन रद्द गर्नको लागि सम्बन्धित मुलुकमा लिखित अनुरोध गरेको प्रमाण सहित निवेदन दिएमा त्यस्तो

कर्मचारीलाई यस ऐन बमोजिम सजाय हुने छैन ।"

१२. **मूल ऐनमा दफा ७१ख थप** : मूल ऐनको दफा ७१क. पछि देहायको दफा ७१ख. थपिएको छ :-

"७१ख. **सञ्चय कोष र बीमा बाहेक अन्य कुनै सुविधा नपाउने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६१ को उपदफा (२) बमोजिम सेवाबाट वर्खास्त भएको निजामती कर्मचारीले दफा ३१ बमोजिमको कर्मचारी सञ्चय कोषको रकम र दफा ४०क. बमोजिमको बीमा बाहेक यस ऐन बमोजिमको अन्य कुनै पनि सुविधा पाउने छैन ।

(२) दफा ६१ख. को उपदफा (३) बमोजिमको विवरणबाट कुनै निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेको देखिएमा स्थायी आवासीय अनुमति लिएको त्यस्तो निजामती कर्मचारीको पति वा पत्नीले दफा ३१ बमोजिमको कर्मचारी सञ्चय कोषको रकम र दफा ४०क. बमोजिमको बीमा बाहेक यस ऐन बमोजिमको अन्य कुनै पनि सुविधा पाउने छैन ।"

**प्रमाणीकरण मिति :- २०७२।०३।२९**

**आज्ञाले,**
**भेषराज शर्मा**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३